# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**
(ADDC/N)
1994

Ref. No.: 235/064/065

Date: २०६५/२/१६

## प्रेस विज्ञप्ति

नेपाली जनताले आफ्नो अधिकार स्थापित गर्न र निरंकुश राजतन्त्रका विरुद्ध विगत लामो समयदेखि गर्दै आएको वलीदानीपूर्ण संघर्षको फलस्वरुप निर्वाचित संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकबाट नेपाललाई एक स्वतन्त्र, अविभाज्य, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, संघीय गणतन्त्रात्मक मुलुक घोषणा गरेकोमा हामी गौरवान्वित भएका छौ । संविधानसभाको यस घोषणाको जिल्ला विकास समिति महासंघ नेपाल हार्दिक स्वागत गर्दछ र यस सुखद अवसरका लागि जीवनको वलीदान गर्नुहुने शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ । साथै मुलुकको अग्रगामी परिवर्तनका लागि संघर्ष गर्नुहुने आम नेपाली जनतामा जिविस महासंघ नेपाल हार्दिक बधाई ज्ञापन गर्दछ ।

हामी, यस सुखद अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र प्रभावकारी व्यवस्थापनमा अधिकार सम्पन्न जनता र स्वायत्त स्थानीय शासनको स्थापना र विकासका लागि स्थानीय सरकार र नेपाल सरकारबीच सघन साझेदारी र सहकार्य निरन्तर हुने विश्वास व्यक्त गर्दछौं ।

..............................
प्रवक्ता
कृष्ण प्रसाद जैशी
जिल्ला विकास समिति महासंघ नेपाल

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, पो.ब.नं. : १२०२२, फोन: ५५५४०८१, ५५२९२०२, फ्याक्स: ००९७७-१-५५४८४६९
**Mailing Address:** Sanepa Mode, Lalitpur, Nepal, **P.O. Box#** 12022, **Phone:** 5554081, 5529202, **Fax:** 00977-1-5548469, **E-mail:** addcn@addcn.org.np